रंगेली नगरपालिका मोरङ्ग द्वारा प्रकाशित

रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : ८ मिति : २०८०/०३/२२

## भाग २

## रंगेली नगरपालिका

रंगेली नगरपालिकाको शिक्षा नियमावली(पहिलो संशोधन), २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले रंगेली नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा ५८(१) बमोजिम नगरकार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

**रंगेली नगरपालिकाको शिक्षा नियमावली (दोस्रो संशोधन), २०८०**

नगर कार्यपालिका बाट स्वीकृत मितिः २०८०/०३/२२

# रंगेली नगरपालिकाको शिक्षा नियमावली (दोस्रो संशोधन), २०८०

**प्रस्तावनाः** रंगेली नगरपालिकाको शिक्षा नियमावली(पहिलो संशोधन), २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले नगरपालिकाको शिक्षा ऐन २०७९ को नियम ५८(१) को अधिकारले संशोधन तथा थप गरी नगर कार्यपालिकाबाट शिक्षा नियमावली (दोस्रो संशोधन) जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " रंगेली नगरपालिकाको शिक्षा नियमावली (दोस्रो संशोधन), २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० मा संशोधनः**

(१) रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० को दफा ५६ को उपनियम १ पछि देहाय बमोजिम उपनियम २ थप गरिएको छ।

५६(२) नगरपालिका भित्रका कुनै विद्यालयमा शिक्षक दरबन्दी कम भई पठन पाठनमा समस्या भई रहेको अवस्थामा वा कुनै बिशेष अवस्थामा दरबन्दी मिलान नहुन्जेलसम्मको लागी आवश्यकता अनुसार नगर भित्रको अन्य विद्यालयमा नगर प्रमुख स्तरीय निर्णयबाट प्रमुख प्रशासकीय अधिकृतले थप आर्थिक दायित्व नपर्ने गरी शिक्षकलाई काजमा खटाउन सक्नेछ ।

आज्ञाले
श्री ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत